**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति – २०६४ चैत ४**

---

## उच्चायुक्तको कार्यालय–नेपालद्वारा भेला हुन पाउने तथा अभिव्यक्तिको अधिकारको सम्मान गर्न सरकारलाई आग्रह

पछिल्ला दिनहरूमा संयुक्त राष्ट्रसङ्घीय भवनअगाडि भएका शान्तिपूर्ण विरोध प्रदर्शनहरूलाई नेपाल प्रहरीले केही घटनामा बलको अत्यधिक प्रयोग गरी तितरबितर पारेको देखिएकोमा उच्चायुक्तको कार्यालय नेपाल अत्यन्त चिन्तित भएको छ।

अन्तर्राष्ट्रिय कानुनअन्तर्गत शान्तिपूर्ण भेला हुन पाउने अधिकार एवं अभिव्यक्तिको स्वतन्त्रताको अधिकार प्रत्याभूत गरिएका छन्। तर, कम्तीमा दुईपटक यी अधिकारहरूको अभ्यासमा अनुचितरूपमा बन्देज लगाइएको देखिएको छ। त्यसबाहेक, ल्हासामा हाल भइरहेका घटनाहरूप्रति विरोध जनाइरहेका शान्तिपूर्ण प्रदर्शनकारीमाथि प्रहरीले लाठीचार्ज गरिरहेको तथा अश्रुग्यासको प्रयोग गरिरहेको उच्चायुक्तको कार्यालयका मानवअधिकार अधिकृतहरूले अवलोकन गरेका छन्। प्रहरी कारबाहीको परिणामस्वरूप कतिपय प्रदर्शनकारीहरू घाइते भएका छन्।

उच्चायुक्तको कार्यालय प्रहरीलाई दिइएको निर्देशन तथा प्रदर्शनकारीहरूविरुद्ध प्रहरीद्वारा भएको देखिएको बलको प्रयोगबारे सरकारका तर्फबाट स्पष्ट जानकारी माग्दछ। यस कार्यालयका मानवअधिकार अधिकृतहरूले घटनाहरूको अनुगमन गर्न तथा बलको प्रयोगबाट घाइते भएकालगायतका संलग्न व्यक्तिहरूसँग अन्तर्वार्ता लिन जारी राख्नेछन्।

> "अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गतका आफ्ना दायित्वको सम्मान गर्न तथा शान्तिपूर्ण भेला हुन पाउने तथा अभिव्यक्तिको स्वतन्त्रताको अधिकारको पक्षपोषण गर्न म सरकारलाई आग्रह गर्दछु", संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका प्रतिनिधि रिचर्ड बेनेटले भन्नुभयो।

संयुक्त राष्ट्रसङ्घीय आवासीय तथा मानवीय संयोजक रोबर्ट पाइपरले यसबारे भन्नुभयो, "संयुक्त राष्ट्रसङ्घीय भवनअगाडि हुने शान्तिपूर्ण विरोध प्रदर्शनहरूमाथि हस्तक्षेप गर्न संयुक्त राष्ट्रसङ्घद्वारा प्रहरीलाई कहिल्यै अनुरोध गरिएको छैन।"

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org